## प्राकृतिक विपदहरुबाट कृषि एवं पशुपन्छी व्यवसायको क्षेत्रमा पुऱ्याएको क्षतिमा राहत प्रदान सम्बन्धी मापदण्ड, २०७७

प्रस्तावना: प्राकृतिक विपद् बाट प्रभावित हुने कृषक एवं कृषि व्यवसायीहरुलाई प्रदेश सरकारको तर्फबाट राहत पुऱ्याउन वाञ्छनीय भएकोले,

प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिमको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को प्रदेश विपद् व्यवस्थापन परिषद्ले यो मापदण्ड बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस मापदण्डको नाम "कृषि तथा पशुपन्क्षी सम्बन्धी राहत मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेशको प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "कृषक" भन्नाले कृषिजन्य वा पशुपन्छीजन्य (माछा पालन समेत) वस्तु उत्पादन गर्ने जोसुकै ब्यक्ति एवं कृषि तथा पशुपन्छी फर्म सम्झनु पर्छ। यस शब्दले आफ्नै जग्गा वा कृषि पूर्वाधारमा वा कसैको जग्गा वा कृषि पूर्वाधार करार वा कबुलियत (लिज) मा लिई ब्यवसायिक कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्ने ब्यक्ति एवं कृषि तथा पशुपन्छी फर्म समेतलाई जनाउँछ ।

(घ) "कृषि तथा पशुपन्छी ब्यवसाय" भन्नाले कृषि बाली, पशुपन्छी र माछा पालन लगायत कृषि तथा पशुपालन सम्बन्धी सबै उपक्षेत्रसंग सम्बन्धित वस्तुको व्यवसायिक उत्पादन, संकलन, प्रशोधन, भण्डारण तथा ढुवानी सम्बन्धी कार्यहरुलाई सम्झनु पर्छ । यस शब्दले उक्त कार्यहरु गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरु र औजार एवं यन्त्र उपकरणहरुलाई समेत जनाउँछ ।

(ङ) "कृषि ब्यवसायी" भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई कृषिजन्य वा पशुपन्छीजन्य बस्तुहरुको उत्पादन, संकलन, प्रशोधन, भण्डारण वा ढुवानी सम्बन्धी कार्य गर्ने ब्यक्ति एवं कृषि तथा पशुपन्छी फर्मलाई सम्झनु पर्छ ।

प्रदेश सचिव



त्रिलोचन भट्ट
मा.मुख्यमन्त्री

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लाई सम्झनु पर्छ ।

(छ) "निर्देशिका" भन्नाले "प्रदेश विपद व्यवस्थापन तथा राहत्त वितरण निर्देशिका, २०७६" सम्झनु पर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले यस मापदण्डको दफा ३ मा उल्लिखित प्राकृतिक विपद् सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापन परिषद्" भन्नाले प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ बमोजिमको "प्रदेश विपद् व्यवस्थापन परिषद" लाई सम्झनु पर्छ ।

(ट) "विज्ञ केन्द्र" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतका भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु सम्झनु पर्छ ।

(ठ) "ज्ञान केन्द्र" भन्नाले कृषि विकास निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्रहरु सम्झनु पर्छ ।

३. <u>प्राकृतिक विपदका किसिमहरु</u> : यस मापदण्डको प्रयोजनको लागि देहाय वमोजिमका विपदहरुलाई प्राकृतिक विपद् मानिनेछ ।

(क) बाढी, पहिरो, डुबान, भू-स्खलन
(ख) सुख्खा खडेरी, अतिबृष्टि
(ग) हावाहुरी, असिना, हिमपात, शितलहर
(घ) भूकम्प
(ङ) चटयांग
(च) आगलागी, डढेलो
(छ) महामारीजन्य रोग तथा किराहरु

<u>स्पष्टीकरण</u> : यस मापदण्डको प्रयोजनका लागि महामारीजन्य रोगहरु भन्नाले कृषि तर्फ काउलीको क्लब रुट र आलुको वार्ट तथा पशुपन्छी तर्फ पि. पि.आर. र स्वाइन फिबर साथै महामारीजन्य किराहरु भन्नाले कृषि तर्फ अमेरिकन फौजी किरा (फल आर्मी वर्म) र सलह (लोकस्ट) लाई बुझ्नु पर्दछ ।

४. <u>वास्तविक प्रभावितहरुको पहिचान तथा क्षतिको आकंलन</u> : (१) कुनै पनि किसिमको राहत वितरण गर्नु अघि विभिन्न किसिमका प्राकृतिक विपद् बाट प्रभावित भएका वास्तविक कृषक तथा कृषि व्यवसायीहरुको पहिचान, क्षतिको आकंलन तथा सिफरिस गर्न मन्त्रालयले विपद्

प्रदेश सचिव

प्रभावित प्रत्येक जिल्लाका लागि देहाय बमोजिमको "प्रभावित पहिचान तथा क्षति आकंलन टोली" गठन गर्नेछ ।

(क) प्रमुख, सम्बन्धित जिल्लाको ज्ञान केन्द्र वा विज्ञ केन्द्र - संयोजक
(ख) प्रतिनिधि, सम्बन्धित स्थानीय तह (प्राकृतिक विपद् हेर्ने कर्मचारी) - सदस्य
(ग) प्रतिनिधि, सम्बन्धित स्थानीय प्रहरी कार्यालय - सदस्य
(घ) प्रतिनिधि, सम्बन्धित स्थानीय रेडक्रस सोसाईटीको कार्यालय - सदस्य
(ङ) प्राविधिक अधिकृत, सम्बन्धित जिल्लाको ज्ञान केन्द्र वा विज्ञ केन्द्र - सदस्य सचिव

स्पष्टिकरण : खण्ड (क) अनुसार ज्ञान केन्द्रको प्रमुख संयोजक नियुक्त भएमा सदस्य सचिव विज्ञ केन्द्रको अधिकृत हुनेछ भने संयोजकमा विज्ञ केन्द्रको प्रमुख नियुक्त भएमा सदस्य सचिव ज्ञान केन्द्रको अधिकृत हुनेछ ।

(२) दफा १ मा उल्लिखित समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) दफा ३ मा उल्लेख भएका प्राकृतिक विपद् बाट प्रभावित कृषक एवं कृषि व्यवसायीहरुले राहतको लागि अनुसूची-१ वमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा विपद् सम्बन्धी घटना भएको मितिले ३० (तीस) दिन भित्र निवेदन दिनु पर्नेछ ।

(४) उपदफा ३ वमोजिम स्थानीय तहहरुमा दर्ता भएका निवेदनहरु स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित स्थानीय तहले सबै निवेदन दर्ता भएको मितिले दुई हप्ता भित्र सम्बन्धित ज्ञान केन्द्र र विज्ञ केन्द्र मार्फत् जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।

(५) उपदफा ३ र ४ वमोजिम प्राप्त भएका निवेदनहरुको प्रभावित पहिचान तथा क्षति आँकलन टोलीले स्थलगत छानविन तथा मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराई मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा ५ वमोजिम प्राप्त भएको प्रतिवेदनलाई मन्त्रालयले आफ्नो एकिन राय सहित कार्यकारी समितिमा पेश गर्नु पर्नेछ ।

(७) अनुसूची-१ बमोजिम राहतको लागि निवेदन दिएका प्रभावित कृषक एवं कृषि व्यवसायीहरुको पहिचान गर्न "प्रभावित पहिचान तथा क्षति आंकलन टोली" ले देहाय बमोजिमका कागजातहरु भए/नभएको एकिन गर्नु पर्नेछ।

प्रदेश सचिव



त्रिलोचन भट्ट
मुख्यमन्त्री

(क) नागरिकता वा परिचय पत्र खुल्ने प्रमाण,

(ख) स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) स्थानीय प्रहरी मुचुल्का,

(घ) प्राकृतिक विपद्को घटनाको तस्विरहरु वा श्रव्यदृश्य सामाग्री ।

(८) टोलीले प्राकृतिक विपद् बाट प्रभावित कृषक तथा कृषि एवं पशुपन्छी (माछा पालन समेत) व्यवसायको क्षेत्रमा पुगेको वास्तविक क्षतिको आंकलन र प्रमाणिकरण देहायका आधारमा स्थलगत अवलोकन गरी गर्नु पर्नेछ ।

(क) जग्गा वा बालीनाली क्षति भएकोमा जग्गाको क्षेत्रफल एकिन गर्न सम्बन्धित कृषक परिवारको जग्गाधनी पूर्जा वा तिरो तिरेको रसिद वा लिजमा लिएको करारनामा पत्र,

(ख) खण्ड (क) अनुसार क्षति भएको विभिन्न कृषि बालीको मूल्य एकिन गर्न खेती गरिएको क्षेत्रको औषत उत्पादकत्व र चलन चल्तीमा रहेको स्थानीय थोक मूल्यदर,

(ग) कृषि पूर्वाधारहरु: ग्रीनहाउस, नेटहाउस, पोलीहाउस, गोदाम घर र सिंचाई संरचना जस्ता पूर्वाधारहरुमा क्षति पुगेकोमा उक्त पूर्वाधारहरुको वास्तविक मूल्य एकिन गर्न सम्बन्धित प्रभावित वा निर्माणकर्ता, आपूर्तिकर्ता वा सहयोग पुऱ्याउने आयोजना, परियोजना वा निकायहरु सँग भएको रेकर्ड,

(घ) पशुपन्छीहरुको क्षति भएकोमा उक्त पशुपन्छीहरुको चलनचल्तीको स्थानीय थोक मूल्यदर,

(ङ) पशुपन्छी क्षेत्रको पूर्वाधारहरु: गोठ, खोर, पोखरी,गोदाम घर जस्ता संरचनाहरुमा क्षति पुगेकोमा उक्त पूर्वाधारहरुको वास्तविक मूल्य एकिन गर्न सम्बन्धित प्रभावित वा निर्माणकर्ता, आपूर्तिकर्ता वा सहयोग पुऱ्याउने आयोजना, परियोजना वा निकायहरु सँग भएको रेकर्ड,

(च) कृषि एवं पशुपन्छी ब्यवसायको क्षेत्रमा उपयोग हुने बिभिन्न किसिमका यन्त्र, औजार एवं उपकरणहरुमा क्षति पुगेकोमा तिनको वास्तविक मूल्य एकिन गर्न सम्बन्धित प्रभावित वा निर्माणकर्ता, आपूर्तिकर्ता वा सहयोग पुऱ्याउने आयोजना परियोजना वा निकायहरुसँग भएको रेकर्ड ।

त्रिलोचन भट्ट
मुख्यमन्त्री

प्रदेश सचिव

५. <u>राहतको मापदण्ड</u> : (१) प्राकृतिक विपद् बाट कृषि बालीको क्षति भएमा देहाय बमोजिमको राहत उपलब्ध गराईनेछ।

(क) खाद्यान्न बालीहरुमा क्षति भएकोमा (खडा बाली)

- पूर्ण क्षति भएकोमा प्रति रोपनी (डेढ कट्ठा) रु.४००।-

(ख) नगदे बालीहरुमा क्षति भएकोमा (खडा बाली तथा तरकारी, फलफूल, बगैचा, मसला एवं दलहन, तेलहन र उखु आदि बालीहरु)

- पूर्ण क्षति भएकोमा प्रति रोपनी रु.१,०००।-

(ग) संचित बीउ क्षति भएमा (खाद्यान्न, तरकारी बीउ आदि)

- पूर्ण क्षति भएकोमा प्रति क्विन्टल रु.१,०००।-

(घ) फलफूलका बिरुवा/बेर्नाहरु क्षति भएमा

- पूर्ण क्षति भएकोमा प्रति रोपनी रु.१५००।-

(ङ) तरकारी बेर्नाहरु क्षति भएमा

- पूर्ण क्षति भएकोमा प्रति रोपनी रु.१,०००।-

(च) माहुरी पालनमा क्षति भएमा

- घार गोला सहित पूर्ण क्षति भएकोमा प्रति घार रु.१०००।-

(छ) च्याउ खेतीमा क्षति भएमा

- पूर्ण क्षति भएकोमा प्रति क्विन्टल रु.१,२००।-

(ज) कृषिको विभिन्न संरचनामा पुगेको क्षतिमा (ग्रीनहाउस, नेटहाउस, पोलीहाउस)

(अ) बाँस वा काठको संरचना

- पूर्ण क्षति भएकोमा प्रति वर्ग मीटर रु.३५।-

(आ) फलामको संरचना (सामान्य प्रविधियुक्त स्क्रिन/यूभि पोलीथिन, थोपा सिंचाई आदि)

- पूर्ण क्षति भएकोमा प्रति वर्ग मीटर रु.१००।-

(इ) फलामको आधुनिक संरचना (नेचुरल भेन्टीलेटेड ग्रीन हाउस)

- पूर्ण क्षति भएकोमा प्रति वर्ग मीटर -रु.२००।-

(२) प्राकृतिक विपद् बाट पशुपन्छीको (माछा पालन समेत) क्षति भएमा देहाय बमोजिमको राहत उपलब्ध गराईनेछ।

(क) गाई (दुहुनो/बयस्क) क्षति भएकोमा

(अ) उन्नत गाई मरेमा प्रति पशु रु.४,०००।-



त्रिलोचन भट्ट

(आ) स्थानीय गाई मरेमा प्रति पशु रु. १,२००।-

(ख) भैंसी (दुहुनो/बयस्क) मरेमा प्रति पशु रु. ४,५००।-

(ग) भेडा बाख्रा र बंगुर मरेमा प्रति पशु रु. १,०००।-

(घ) कुखुरा र हाँस (अन्य पन्छी समेत) क्षति भएकोमा

(अ) ब्रोइलर/लेयर/उन्नत जातका चल्ला मरेको भएमा प्रति पन्छी रु.१०।-

(आ) ब्रोइलर/लेयर/उन्नत कुखुरा मरेको भएमा प्रति पन्छी रु.३०।-

(इ) स्थानीय जातको कुखुरा/अन्य पन्छी मरेको भएमा प्रति पन्छी रु.५०।-

(ङ) माछा क्षति भएकोमा -

(अ) ठूलो माछा मरेको भएमा प्रति रोपनी रु.१५००।-

(आ) माछा भुरा मरेको भएमा प्रति रोपनी रु.८००।-

(च) पशुपन्छी पालनको संरचनामा क्षति भएकोमा (गोठ, खोर आदि)

(अ) बाँस वा काठको संरचना

-पूर्ण क्षति भएकोमा प्रति वर्ग मीटर रु.३५।-

(आ) फलाम वा ईटाको संरचना (सामान्य प्रविधि युक्त)

- पूर्ण क्षति भएकोमा प्रतिवर्ग मीटर रु.५०।-

(इ) फलाम वा ईटाको आधुनिक संरचना

- पूर्ण क्षति भएकोमा प्रति वर्ग मीटर रु.१००।-

(३) कृषि तथा पशुपन्छी सम्बन्धी औजार उपकरण तथा गोदामघरको पूर्ण क्षति भएमा लागतमा ह्रास कट्टी (डिप्रिसेसन) गरी हुन आउने रकमको दश प्रतिशत रकममा नबढ्ने गरी राहत उपलव्ध गराउन सक्नेछ। तर वीमा गरिएको औजार उपकरण तथा गोदामघरको क्षतिमा राहत उपलव्ध गराईने छैन ।

(४) माथि उल्लेखित बाली बस्तु एवं संरचनाहरुमा आंशिक क्षति भएकोमा पूर्ण क्षतिलाई तोकिएको रकमको पचास प्रतिशत सम्म राहत उपलब्ध गराउन सकिनेछ ।

६. राहत रकमको व्यवस्था : (१) प्राकृतिक विपद् बाट प्रभावित भएका कृषक एवं कृषि व्यवसायीहरुलाई ऐनको दफा १० बमोजिम स्थापना भएको "प्रदेश विपद् व्यवस्थापन कोष" बाट राहत रकम उपलव्ध गराईनेछ ।

प्रदेश सचिव



त्रिलोचन भट्ट
मुख्यमन्त्री

(२) राहत प्रदान गर्दा यस मापदण्डको दफा ४ को उपदफा (१) अनुसार गठन हुने "प्रभावित पहिचान तथा क्षति आकंलन टोली" ले दिएको सिफारिस सहितको प्रतिवेदन तथा दफा ५ बमोजिमको मापदण्डलाई आधार मानी राहत प्रदान गरिनेछ ।

(३) उक्त कोषको रकम निकासा र खर्च सम्बन्धी अन्य व्यवस्था ऐन र निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।

७. <u>राहत रकम वितरण</u> : (१) प्रदेश सरकार, परिषद् र कार्यकारी समितिले ऐन, नियम, निर्देशिका र मापदण्ड बमोजिम एकद्वार र प्रणालीको अवलम्बन गरी जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् राहत वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिले राहत वितरण गर्दा दफा ५ मा उल्लिखित मापदण्डहरु तथा दफा ४ को उपदफा (१) बमोजिम गठन भएको "प्रभावित पहिचान तथा क्षति आकंलन टोली" ले दिएको प्रतिवेदन र कार्यकारी समितिको निर्णयको आधारमा मात्र गर्नु पर्नेछ ।

(३) राहत वितरण गर्दा बाली वा पशुपन्छी विमा गरेका कृषक एवम् कृषि व्यवसायीहरुलाई दोहोरो सुविधा पाउने गरी राहत वितरण गरिने छैन ।

(४) नेपाल सरकार र स्थानीय तहले राहत उपलव्ध गराएको भए यस मापदण्ड वमोजिम दोहोरो राहत उपलव्ध गराईने छैन ।

८. <u>सहयोग गर्नुपर्ने</u> : (१) वास्तविक प्रभावितहरुको पहिचान तथा क्षतिको आकंलन गर्ने कार्यमा प्रदेश सरकार र खटिएको टोलीलाई आवश्यक सहयोग पुऱ्याउनु सबै सरोकारवाला संघ संस्था एवं व्यक्तिको कर्तव्य हुनेछ ।

९. <u>अनुगमन तथा मूल्यांकन</u> : (१) प्रभावितहरुको पहिचान तथा राहत वितरण सम्बन्धी कार्यको अनुगमन तथा मुल्याङ्कन परिषद्, कार्यकारी समिति, मन्त्रालय र निर्देशनालयबाट हुनेछ । साथै जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समेत आवश्यकता अनुसार अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न सक्नेछन् ।

(२) अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

(३) मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिले राहत वितरणको खर्च र लाभान्वित परिवार सम्बन्धी सम्पूर्ण विवरण तत्काल सार्वजनिक गर्नुपर्नेछ।

१०. <u>विविध</u> : (१) ऐन, निर्देशिका र यस मापदण्डको प्रतिकूल नहुने गरी राहत वितरण सम्बन्धी अन्य ब्यवस्था कार्यकारी समितिले तोके वमोजिम हुनेछ ।

प्रदेश सचिव



त्रिलोचन भट्ट

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी कैलाली, नेपाल

(२) प्रभावित पहिचान, क्षति आकंलन र राहत वितरण जस्ता कार्यहरुमा लाग्ने प्रशासनिक खर्च प्रदेश विपद व्यवस्थापन कोषको रकमबाट गर्न पाईने छैन।

प्रदेश सचिव

त्रिलोचन भट्ट
मुख्यमन्त्री

## अनुसूची-१

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

**राहत प्राप्त गर्न दिनु पर्ने निवेदनको ढांचा**

मिति :..............................

श्री ..........................

............................... ।

विषय : राहत सम्बन्धमा ।

महोदय,

मिति .......................... (समय समेत) मा आएको ................................ (प्राकृतिक विपद) बाट हाम्रो/मेरो ..........................मा आंशिक/पूर्ण क्षति पुगेकोले राहत पाउनका लागि तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौं/गरेको छु।

संलग्न कागजातहरु :

१. नेपाली नागरिकता/परिचय खुल्ने प्रमाण पत्रको छायाकपी थान-१
२. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस थान-१
३. सम्बन्धित स्थानिय प्रहरी कार्यालयको मुचुल्का थान-१
४. प्राकृतिक विपदको घटनाको तस्विरहरु वा श्रव्यदृश्य सामाग्री
५. क्षतिको विस्तृत विवरण

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं. :
संस्था भए पद र छाप :

प्रदेश सचिव

त्रिलोचन भट्ट